**धुनिवेसी नगरपालिकाको वडा नं. १ कुडुल्ले (बञ्चरेडाँडा)मा काठमाण्डौ महानगरपालिकाबाट अव्यवस्थित रुपमा गरिएको फोहोर विसर्जन प्रति धुनिवेसी नगरपालिकाबाट जारी गरिएको**

# प्रेस विज्ञप्ती

विगत १७ बर्षदेखि काठमाण्डौ उपत्यकाको फोहोर अव्यवस्थित रुपमा काठमाण्डौ महानगरपालिकाको संयोजनमा विस वटा नगरपालिकाको फोहर नुवाकोट जिल्लाको ककनी गाउँपालिकाको सिसडोलमा विसर्जन हुँदै आएकोमा २०७९ जेठ १० गतेवाट धादिङ्ग जिल्लाको धुनिवेसी नगरपालिका वडा नं. १ कुडुल्ले (बञ्चरडाँडा) मा उपत्यकाको फोहोर अब्यवस्थित रुपमा विसर्जन गर्न थालिएको छ । व्यवस्थित रुपमा फोहोर विसर्जन गर्न सम्बन्धित निकाय संवेदनशील नहुँदा एकातिर राजधानीवासीलाई फोहोरको दुर्गन्धले आक्रान्त बनाएको छ भने अर्को तर्फ अवैज्ञानिक र अव्यवस्थित रुपमा कुडुल्ले (बञ्चरडाँडा) मा फोहोर मैला विसर्जन गरिएका कारण वातावरण विनास हुन गई उक्त क्षेत्रका नागरिकहरुको जन स्वास्थ्यमा प्रतिकूल प्रभाव परी कष्टकर दैनिक जीवन गुजारा गर्न बाध्य छन् । फोहोर मैला जस्तो संवेदनशिल र नागरिकको जनस्वास्थ्य एवं वातावरणसंग प्रत्यक्ष सरोकार राख्ने वस्तुलाई वैज्ञानिक तरीकाले व्यवस्थापन गर्नु फोहोर उत्सर्जन गर्ने सम्बन्धित स्थानीय निकायको मुख्य दायित्व हो भन्ने सम्बन्धमा दुई मत छैन ।

आजको विज्ञान र प्रविधिको युगमा फोहोरलाई मोहरमा रुपान्तरण गरिएका अभ्यासबाट समेत शिक्षा लिएर फोहोर उत्सर्जन गर्ने निकायलाई आफ्नै र उपयुक्त क्षेत्रमा उचित व्यवस्थापनका लागि विनम्र आग्रह गर्दछौं । एउटा स्थानीय तहको फोहरका कारणले अर्को स्थानीय तहका नागरिकहरु प्रभावित भई वेघरवार हुनुपर्ने बाध्यात्मक परिस्थिती आउनु पक्कै पनि जायज हुन सक्दैन । जनताप्रतिको अहम दायित्ववाट फोहोर उत्सर्जन अनि विसर्जन गर्ने निकायले उन्मुक्ती प्राप्त गर्न सक्दैन । राजधानीवासी जनता मात्र स्वच्छ वातावरणमा जिउन पाउने अनि कुडुल्ले (बञ्चरडाँडा) का नागरिकले नपाउने भन्ने मान्यता राख्नु यूक्ति संगत हुँदैन । वातावरण संरक्षण र प्रदुषण नियन्त्रण, जनस्वास्थ्य एवं सर्वसाधारण जनताको बाँच्न पाउने नैसर्गिक मानव अधिकारसंग सम्बद्ध रहेकाले त्यसका लागि उपयुक्त व्यवस्था गर्नु राज्य एवं सम्बन्धित निकायको कर्तव्य हो । जल,थल,वायु लगायत सम्पूर्ण वातावरण प्रदुषण मानव जातीको स्वास्थ्यसंग प्रत्यक्ष गाँसिएको विषय हो । प्रदुषण मुक्त स्वच्छ वातावरण (Right to pollution free environment) मा वस्न र बाँच्न पाउने प्रत्येक नागरिकको अधिकार हो । नेपालको संविधानको धारा ३० धारा ३५(४) ले स्वच्छ वातावरणमा बाँच्न पाउने र स्वच्छ खानेपानीको अधिकारको ग्यारेण्टी गरेको छ भने वातावरण संरक्षण ऐन, २०५३ मा कसैले पनि वातावरणमा प्रतिकूल प्रभाव पर्ने गरी वा जनस्वास्थ्यका लागि खतरा हुन सक्ने किसिमले प्रदुषण श्रृजना गर्न वा फोहोरमैला निष्कासन गर्न गराउन नहुने यदि वातावरणमा प्रतिकूल प्रभाव पारे वा वातावरण प्रदुषण गरे त्यसलाई आपराधिक कार्य मानेको छ । मानिसको जीवन साध्य हो भने विकाश सुखपूर्वक जिउने माध्यम हो । स्वच्छ र स्वस्थ्य वातावरण विना मानब स्वच्छ र स्वस्थ्य तवरले जिउन सक्तैन त्यसैले वातावरण सुरक्षा साध्य हो तसर्थ वातावरण विनास हुनवाट जोगाउने उपयूक्त उपायहरु अवलम्बन गर्नु अपरिहार्य हुन्छ ।

उपत्यकाको फोहोर विसर्जन गरिने स्थान बनाइएको कुडुल्ले (बञ्चरेडाँडा) आसपासका क्षेत्रहरु धुनिवेसी नगरपालिकाको वडा नं. १,३ र ४ तथा नुवाकोट जिल्लाको ककनी गाउँपालिका वडा नं. १,२ र ३ का स्थानीय बासिन्दाले काठमाण्डौ महानगरपालिकाले गरेको अव्यवस्थित फोहोर विसर्जनका कारण काहाली लाग्दो नारकीय जीवन व्यतित गरी कति समय बाँच्नु पर्ने हो ? अव्यवस्थित रुपमा गरिएको फोहोर विसर्जनका कारण कुनै पनि वेला महामारी जस्ता रोगको प्रकोप नफैलेला भन्न सक्ने अवस्था छैन । स्थानीय नागरिकलाई दुर्गन्धपूर्ण नारकीय जीवन व्यतित गर्न बाध्य पार्ने कार्यले राजधानी शहर फोहोर व्यवस्थापनको दिर्घकालीन समाधान चाहँदैन भन्ने हाम्रो स्पष्ट बुझाई हो । फोहोर व्यवस्थापनको स्थाई समाधानका लागि बैकल्पिक स्थानको खोजी जरुरी छ । बैकल्पिक स्थानको व्यवस्था नभएसम्म तत्कालका लागि उपत्यकाको फोहर व्यवस्थित रुपमा विसर्जन गर्ने कार्यको

स्थानीय समुदाय, नागरीक समाजले विरोध गरेका होइनन् । उपत्यका लगायत विसवटा नगरपालिकाको फोहोर उक्त स्थानमा विसर्जन भई रहेको छ । फोहोरको उचित व्यवस्थापन होस् भनेर जिम्मेवार निकायसंग सयौं पटक वार्ता र सहमति गरियो भयो तर परीणम शुन्य । सयौं पटकका वार्ता र सहमति कार्यान्वयन गर्नुको साटो जिम्मेवार निकाय राज्यसंयन्त्रको दुरुपयोग गरी प्रभावित क्षेत्रका वासिन्दाले स्वस्थ्य वातावरणमा बाँच्न पाउने आवाज बुलन्द गर्दा गोली र लाठी बर्साउँदै स्थानीय निर्दोष नागरीकमाथि झुठा मुद्दा लगाउन उद्वत छ । अव्यवस्थित रुपमा उपत्यकाले फोहोर फाल्दै जाने र त्यसको उचित व्यवस्थापन नगर्ने हो भने स्थानीय नागरिकले आफ्नो अधिकार रक्षाका लागि जबरजस्त कदम उठाउने नै छन् । स्थानीय नागरिकको तत्कालको माग महानगरपालिकासंग गरिएका सम्झौताको अक्षरस पालना र फोहोरको व्यवस्थित रुपमा विसर्जन नै हो । हामी काठमाण्डौ उपत्यकाका आदरणीय महानगरवासी दाजुभाइ दिदीबहिनी, सञ्चारकर्मी, सुरक्षाकर्मी, सरोकारवालाहरुमा विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छौं नागरीकका हैसीयतले तपाईं र हामीहरुका वीचमा भिन्नता छ ? नभए तपाईंले उत्सर्जन गरेको फोहोरको भागी हामीहरु हुनु पर्ने किन ? हामीहरुको माग भनेको भएका सहमती, सम्झौताको कार्यान्वयन र फोहोरको वैज्ञानिक व्यवस्थापनसम्म हो । कुडुल्ले (बञ्चरडाँडा) मा महानगरपालिकाले फोहोर विसर्जनका लागि स्थानीय सरोकारवाला जनसमुदायसंग गरेका सहमती सम्झौताको कार्यान्वयन भयो भएन ? फोहोरको उचित रुपमा वैज्ञानिक व्यवस्थापन गरियो गरिएन ? यर्थाथ बुझ्न हामी सरोकारवालाहरुसंग विनम्रतापूर्वक अनुरोध गर्न चाहन्छौं । स्वस्थ्य वातावरणमा बाँच्न पाउने संवैधानिक अनि कानूनी अधिकारको खोजी गर्दा स्थानीय नागरीकमाथि राज्यले निर्ममतापूर्वक दमन गरी निर्दोष नागरीकमाथि झुठा मुद्दा लगाएको र प्रहरी हिरासतमा लिएको हुँदा स्थानीय नागरीकमाथि लगाइएका झुठा मुद्दा खारेजी, हिरासतमा रहेका बन्दीहरुको निशर्त रिहाई घाइतेको उपचारको उचित प्रवन्ध गरियोस् र दुर्गन्धरहित स्वस्थ्य वातावरणमा बाँच्न पाउने संवैधानिक अधिकारको रक्षा गर्न र अव्यवस्थित रुपमा फालिएका फोहोरको उचित व्यवस्थापन गर्न अनि हालसम्म गरिएका सहमती सम्झौताको अक्षरस पालना गर्न, आफ्नो कर्तव्य र दायित्वप्रति सदा सचेत र सजग रहन नेपाल सरकार, काठमाण्डौ महानगरपालिका र सम्बद्ध निकायलाई धुनिवेसी नगरपालिका हार्दिक अनुरोध गर्दछ ।

मिति २०७९ भदौ ९ मंगलवार

प्रकाश हमाल
वातावरण तथा विपद् व्यवस्थापन समिति
धुनिवेशी नगरपालिका, धादिङ